नेपाल सरकार

शान्ति तथा पुनर्निर्माण मन्त्रालय सिंहदरबार,काठमाण्डौ ।

## (मासिक मिट द प्रेस कार्यक्रममा २०७० साल माघ ६ गते सोमबार प्रस्तुत)

**यस मन्त्रालय र मातहतका निकायबाट चालु आ.व.मा सम्पन्न भएका कियाकलापको सार संक्षेप**

- "शान्ति र शिक्षा, समृद्ध नेपालको अपेक्षा" भन्ने नाराका साथ अन्तर्राष्ट्रिय शान्ति दिवस आश्विन ३, ४ र ५ गते भव्यताका साथ मनाइएको ।
- हेलो सरकारको गुनासो फछ्र्यौटको प्रगति १०० % रहेको ।
- कुल बेरुजुको सम्परीक्षणमा २ (दुई) प्रतिशत प्रगति हासिल भएको ।
- आ.व.२०७०/७१ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरुको प्रगति समिक्षा मासिक रुपमा भइरहेको ।
- मन्त्रालयको कार्य सम्पादन सूचकहरु तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।
- उच्चस्तरीय राजनीतिक संयन्त्रको वार्तामा सहजीकरण भइरहेको ।
- O&M Survey को मस्यौदा तयार भएको ।
- अनुगमन तथा मूल्यांकन खाका (M&E Framework) तयार हुने क्रममा रहेको ।
- Training Need Assessment प्रतिवेदन तयार भई सो अनुसार तालिम कार्यक्रम तयार भएको ।
- PBIS प्रतिवेदन तयारीको प्रारम्भिक कार्य भइरहेको ।
- मन्त्रिपरिषद्को सिफारिशमा सम्माननीय राष्ट्रपतिबाट बेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६९ मिति २०६९ चैत्र १ गते स्वीकृत भई सम्मानित सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा रहेकामा हाले सम्मानीत सर्वोच्च अदालतबाट सत्य निरुपण तथा मेलमिलाप र वेपत्ता सम्वन्धी छानविन आयोग अलग अलग हुनुपर्ने गरी निर्देशात्मक आदेश जारी भएको ।
- स्थानीय स्तरमा शान्ति सन्देश फैलाउने उद्देश्यले रेडियो नेपाल र नेपाल टेलिभिजनबाट शान्ति प्रवर्द्धन सम्बन्धी गतिविधि प्रशारण भईरहेको ।
- संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनको लागि स्वीकृत राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न स्वीकृत १० बटा आयोजनाहरुमध्ये दुई वटा सम्पन्न भएको र ८ वटा आयोजनाहरु सञ्चालनमा रहेका । सो अन्तर्गत ५९ जिल्लाका प्रशिक्षार्थिहरुलाई तालीम प्रदान गरिएको । प्रस्ताव नं. १६१२ को कार्यान्वयनको लागि स्वीकृत राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न कार्यविधि स्वीकृत भएको । द्वन्द्वपीडित परिवारका वालवालिलिका ८२१४ जना तथा ऐतिहासिक जनआन्दोलनका घाइतेका सन्तती ३७ जनालाई शैक्षिकवृत्ति प्रदान गरिएको र वावु आमा गुमाएका द्वन्द्वपीडित वालवालिका ५२२ जनालाई मासिक रु. ५०००।- का दरले जिवन निर्वाह भत्ता प्रदान गरिएको ।
- पुनर्निर्माण, पुनःस्थापन एवं राहत वितरण कार्यको प्रभावकारी अनुगमनको लागि पाँचै विकास क्षेत्रमा मन्त्रालयका पाँच जना सहसचिवहरुको संयोजकत्वमा छुट्टा छुट्टै अनुगमन टोली गठन गरी अनुगमनको कार्यलाई जोड दिइएको ।
- MDAC Meeting २०७० पुष १४ गते सम्पन्न भएको । हालसम्मको प्रगति विवरण निम्नानुसार भएको

| क्र.स. | विवरण | प्रथम चौमासिक अवधिका लागि विनियोजित बजेट | खर्च | प्रगति स्थिति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भारित (प्रतिशत) | वित्तीय (प्रतिशत) | प्रथम चौमासिकको भारित लक्ष्य |
| १ | कार्यक्रम खर्च | ३५०० | ३६६६ | ३.७८ | १०४.७ | ३.६१ |
| २ | पूँजीगत खर्च | २४०० | २३०१ | २.३८ | ९५.८८ | २.४८ |
| ३ | प्रशासनिक खर्च | १४२७५ | १७६३७ | १८.२१ | १२३.५ | १४.७४ |
| जम्मा | | २०१७५ | २३६०४ | २४.३७ | ११६.९९ | २०.८३ |